**Series : EFGH/S**

**SET ~ 4**

रोल नं.

Roll No.

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**प्रश्न-पत्र कोड**

**Q.P. Code** **17/S**

परीक्षार्थी प्रश्न-पत्र कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें।

Candidates must write the Q.P. Code on the title page of the answer-book.

# नेपाली

# NEPALI

*निर्धारित समय : **3** घण्टे* *अधिकतम अंक : **80***

*Time allowed : **3** hours* *Maximum Marks : **80***

**नोट / NOTE** #

(I) कृपया पहिला सुनिश्चित् हुनुहोस् कि यो प्रश्नपत्रमा जम्मा **11** पृष्ठहरू छन्।

Please check that this question paper contains **11** printed pages.

(II) कृपया जाँच गर्नुहोस् कि यो प्रश्नपत्रमा जम्मा **11** वटा प्रश्नहरू छन् कि छैनन्।

Please check that this question paper contains **11** questions.

(III) त्यसपछि उम्मेदवार द्वारा प्रश्नपत्रको दाहिनेपट्टि सिरानमा भएको कोड संख्या उत्तर पुस्तिकाको शीर्षकीय पृष्ठता लेख्नुपर्नेछ।

Q.P. Code given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.

(IV) **कृपया हरेक प्रश्नको उत्तर लेख्नुभन्दा पहिला उत्तर पुस्तिकामा प्रश्न संख्या लेख्न नभुल्नुहोस्**

**Please write down the serial number of the question in the answer-book before attempting it.**

(V) यो प्रश्नपत्र पढ्नका निम्ति 15 मिनटको समय दिइएको छ। प्रश्नपत्र बिहान 10.15 बजे वितरण गरिनेछ। बिहान 10.15 बजे देखि 10.30 बजे सम्म विद्यार्थीले प्रश्न-पत्र मात्र पढ्नु पर्नेछ र त्यस अवधि भित्र उत्तर पुस्तिकामा कुनै उत्तर लेख्ने छैन्।

15 minute time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the students will read the question paper only and will not write any answer on the answer-book during this period.

***General Instructions :***

*(i)* *This question paper is divided into **2** parts.*

*(ii)* *It has total **11** questions.*

*(iii)* ***Section A** : **3** questions no. **1** to **3**.*

*(iv)* ***Section B** : **8** questions no. **4** to **11**.*

*Attempt questions as per specific instructions.*

*Write question no. in answer book before attempting it.*

***सामान्य निर्देश :***

*(i)* *यो प्रश्नपत्र दुइ भागमा बाँड़िएको छ ।*

*(ii)* *यस प्रश्नपत्रमा जम्मा **11 (एघार)** वटा प्रश्नहरू छन् ।*

*(iii)* *भाग एकमा **3 (तीन)** वटा प्रश्नहरू छन् जो प्रश्न संख्या **1 (एक)** देखि प्रश्न संख्या **3 (तीन)** प्रश्न संख्या सम्म राखिएको छ ।*

*(iv)* *भाग दुइमा **8 (आठ)** वटा प्रश्नहरू छन् जो प्रश्न संख्या **4** देखि **11** प्रश्न संख्या सम्म राखिएको छ ।*

*विशेष निर्देशन अनुसार प्रश्नहरूका उत्तर लेख्नुहोस् ।*

*उत्तर दिन अघि उत्तर पुस्तिकामा प्रश्न संख्या लेख्नुहोस् ।*

## खण्ड क

## (अपठित गद्यांश)

**1.** निम्नलिखित अनुच्छेद पढ़ेर सोधिएका प्रश्नहरूका सही विकल्प छानेर उत्तर दिनुहोस् । *5×1=5*

मानिसको जीवनमा अध्ययनको विशेष महत्त्व छ। मानिसलाई चरित्रवान बनाउने अनि जीवनलाई श्रेष्ठतम तुल्याउने ज्ञान अध्ययनद्वारा नै प्राप्त हुँदछ। अध्ययनका निम्ति आवश्यक सबैभन्दा प्रमुख साधन पुस्तक हो, जो हामी पुस्तकालयमा प्राप्त गर्न सक्छौँ। 'पुस्तक' अनि 'आलय' मिलेर पुस्तकालय शब्द बनिएको छ। आलय भनेको घर हो। त्यसैले पुस्तकालयको शाब्दिक अर्थ पुस्तकहरूको घर भन्ने हुन्छ। पुस्तकालय धैरै प्रकारका हुन्छन् जस्तै विद्यालय-महाविद्यालयका पुस्तकालय, निजी पुस्तकालय, सार्वजनिक पुस्तकालय, व्यापारिक पुस्तकालय, राजकीय पुस्तकालय आदि। हाम्रो देशमा ठूला ठूला पुस्तकालयहरू छन् तर साना शहर र दुर्गम क्षेत्रतिर भने राम्रा पुस्तकालयको अभाव आज पनि छँदैछ।

पुस्तकालय मानिसका निम्ति अति नै उपयोगी स्थान हो । यहाँबाट मानिसले अनेक थरीका लाभ हासिल गर्न सक्छन् । पुस्तक अध्ययन गर्दा हामी धर्म, दर्शन, इतिहास, विज्ञान, भूगोल, साहित्य आदि सबै क्षेत्रको ज्ञान हासिल गर्न सक्छौँ । पुस्तकालयमा अध्ययनका भोका मानिसहरू आउँछन् । यस्ता मानिसहरू निश्चय नै सच्चरित्रका हुन्छन् । तिनीहरूको सङ्गतले हामीमा पनि राम्रो चरित्रको विकास हुन्छ । पुस्तकालय भनेको सामाजिक महत्त्वको चिज हो । यो समाजको साझा सम्पत्ति हो । त्यसैले पुस्तकालयमा भएका पुस्तकहरूको सुरक्षा गर्नु हामी सबैको दायित्व हो । पुस्तकालयबाट पुस्तक ल्याएर पढ्दा हामीले जतनसित पढ्नुपर्छ, पुस्तकका पन्नाहरू च्यात्नु हुँदैन । यदि हामीसित कुनै दुर्लभ पुस्तक वा पाण्डुलिपि भए सबैका निम्ति सुरक्षित होस् भन्ने उद्देश्यले पुस्तकालयमा दान गर्नु राम्रो कार्य हो ।

(i) मानिस कसरी श्रेष्ठतम वा चरित्रवान बन्दछ ?

(A) धर्म-कर्म गरेर ।

(B) दान पुण्य गरेर ।

(C) पुस्तक अध्ययन गरेर ।

(D) राम्रो पहिरन लगाएर ।

(ii) कस्ता भेकहरूतिर पुस्तकालयको अभाव छ ?

(A) शहरी क्षेत्र ।

(B) शैक्षिक क्षेत्र ।

(C) सार्वजनिक क्षेत्र ।

(D) दुर्गम क्षेत्र ।

(iii) कस्ता मानिसहरू चरित्रवान हुन्छन् ?

(A) अध्ययनका भोका मानिसहरू ।

(B) अध्ययनहीन मानिसहरू ।

(C) साधारण मानिसहरू ।

(D) असाधारण मानिसहरू ।

(iv) साझा सम्पत्तिको अर्थ के हो ?

(A) आफ्नो मात्र सम्पत्ति ।

(B) सामाजिक सम्पत्ति ।

(C) धनीको मात्र सम्पत्ति ।

(D) राम्रो मान्छेको सम्पत्ति ।

(v) हाम्रो जिम्मावारी के हो ?

(A) पुस्तक अध्ययन कम्ती गर्नु ।

(B) पुस्तकालयका पुस्तकको हेरचाह गर्नु ।

(C) पुस्तकका पन्नाहरू फटाउनु ।

(D) राम्रो मान्छेको परिचय दिनु ।

**2.** निम्नलिखित कवितांश पढ़ेर सोधिएका प्रश्नहरूको सही विकल्प छानेर उत्तर दिनुहोस् । *5×1=5*

मलाई बाँच्न यहाँ
एउटै दिन भए पुग्छ
धेरै वर्ष फुलेको
अल्छी आयु
निष्क्रियताले निलेको
निश्चल-सुषुप्त-अकर्मण्य
चाहिएन बुढ़ा दिनहरू
निद्रालु आकांक्षा
खोक्रो उत्तेजना
अल्छे आशा
लिएर उभिने घातक क्षणहरू
दुश्चिन्ता, विरक्ति व्यर्थै व्यथा
ओसारी ओसारी ल्याउने
चाहिएन छिमलिएका थुप्रै बेलाहरू
मलाई बाँच्न यहाँ
एउटै दिन भए पुग्छ ।

मेरो एउटै-एउटै दिन
सकारात्मक सपमा बोकेर आउन्
जीवनको शाश्वत परिपूर्णता लिएर
मेरो बचाईलाई
अर्थ दिन आऊन्
हजार व्यर्थ क्षणहरूका
लंगड़ो उपस्थितिहरूलाई हुत्याएर
मेरो सबल अस्तित्वको अर्थपूर्णता फुकाल्न आऊन्
स्वागत छ त्यही प्यारो एक दिनलाई
चाहिएन मलाई श्मशानका
रोदन बोकेका मूर्दा मुहूर्तहरू
मलाई बाँच्न यहाँ
एउटै दिन भए पुग्छ।
मैले कविताका पंक्तिहरू
कोरकार पारेको
एउटा अमूल्य क्षण।
यदि छ भने मसँग बाँचोस्
काव्यका सुन्दर हरफहरू पढ़ेको
एउटा रोचक मुहूर्त
यदि छ भने मसँग बाँचोस्
मैले मेरो जातिलाई सक्रिय माया जनाएको
एउटा अर्थपूर्ण बेला
यदि छ भने मसँग बाँचोस्
मैले असहायहरूलाई दिएको
एउटा मिठो दिन
यदि छ भने मसँग बाँचोस्।
चाहिएन मलाई सपनाहरूमै रंगाउन लाउने
खुइलिएका दिन र नाङ्गिएका रातहरू
मलाई बाँच्न यहाँ
एउटै दिन भए पुग्छ।

(i) कविलाई कस्तो जीवन जिउन मनपर्छ ?

(A) निष्क्रियताले निलेको जीवन।

(B) धेरै वर्ष फुलेको जीवन।

(C) छोटो तर सकारात्मक जीवन।

(D) अर्थहीन जीवन।

(ii) आफ्नो जीवनको एक दिन के लिएर आवोस् भनी कवि भन्छन्।

(A) जीवनको परिपूर्णता।

(B) खोक्रो उत्तेजना।

(C) निद्रालु आकांक्षा।

(D) अल्छे आशा।

(iii) कवि आफूसँग के बाँचोस् भनी चाहन्छन् ?

(A) श्मशानका रोदन बोकेका क्षणहरू।

(B) खुइलिएका दिनहरू।

(C) दुश्चिन्ता बोकेका बेलाहरू।

(D) कविता कोरेका अमूल्य क्षणहरू।

(iv) एउटै दिन बाँचेर कवि के गर्न चाहन्छन् ?

(A) निष्क्रिय बन्न।

(B) सुषुप्त बन्न।

(C) सकारात्मक कार्य गर्न।

(D) विरक्ति, व्यथा र दुश्चिन्ता झेल्न।

(v) कविले कुन रोचक मुहूर्तको कामना गरेका छन् ?

(A) निश्चल, अकर्मण्य भएको।

(B) कविता पंक्ति पढ़ेको।

(C) श्मशानको रोदन बोकेको।

(D) धेरै वर्ष फुलेको।

**3.** निम्नलिखित बहुवैकल्पिक प्रश्नहरूका सही विकल्प छान्नुहोस् । *10×1=10*

(i) कर्ताले गरेको कामको फल जोमाथि पर्छ त्यसलाई ______________ भनिन्छ ।

(A) करण कारक

(B) कर्म कारक

(C) अपादान कारक

(D) सम्बन्ध कारक

(ii) उसकी बहिनी ज्ञानी छे । रेखाङ्कित विभक्ति कुन कारकको चिन्ह हो ?

(A) सम्प्रदान ।

(B) अपादान ।

(C) सम्बन्ध ।

(D) अधिकरण ।

(iii) द्विगु समासमा के-केको मेल हुन्छ ?

(A) संज्ञा र सर्वनाम ।

(B) उपसर्ग र प्रत्यय ।

(C) अव्यय र निपात ।

(D) संख्यावाचक विशेषण र विशेष्य ।

(iv) कुन समासमा दुवै पद प्रधान हुन्छन् ?

(A) द्वन्द्व समास ।

(B) कर्मधारय समास ।

(C) अव्ययीभाव समास ।

(D) बहुव्रीहि समास ।

(v) दिइएका शब्द र अर्थमध्ये कुन जोड़ी सही छैन ?

(A) नेत्र – चक्षु ।

(B) कीर्ति – काम ।

(C) सत – साँचो ।

(D) शव – लाश ।

(vi) कहिल्यै नभएकोलाई अभूतपूर्व भनिन्छ भने कहिल्यै नसुनेकोलाई के भनिन्छ ?

(A) अखण्ड पूर्व ।

(B) अदृश्य पूर्व ।

(C) अश्रुत पूर्व ।

(D) अलौकिक पूर्व ।

(vii) प्रशंसाको विपरीत के हुन्छ ?

(A) अप्रशंसा ।

(B) घृणा ।

(C) तारीफ ।

(D) निन्दा ।

(viii) दिइएका शब्द र अर्थमध्ये कुन जोड़ी सही छ ?

(A) पक्ष-विपक्ष, प्रतिपक्ष ।

(B) उत्तर-पछाड़ी, दिशा ।

(C) अंक-शरीरको भाग, काँध ।

(D) अभिराम-निरन्तर, नरोकिएको ।

(ix) एकै किसिमको अर्थ बुझाउने शब्दलाई के भनिन्छ ?

(A) सामासिक शब्द ।

(B) सार शब्द ।

(C) विविध शब्द ।

(D) प्रतिशब्द ।

(x) जसले अर्काको उपकार मान्दैन ______________ ।

(A) कृतघ्न ।

(B) कृतज्ञ ।

(C) मखण्डी ।

(D) पाखण्डी ।

## भाग दुई
### (वर्णनात्मक प्रश्नहरू)

**4.** निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस्। *3×2=6*

(i) करण र अकरण वाक्य भनेको के हो ? एउटा उदाहरण दिएर स्पष्ट पार्नुहोस्।

(ii) वाक्य संकोचनमा दिइएका तलका वाक्यलाई प्रसारणमा रूपान्तर गर्नुहोस्।

(a) पाठ नसुनाउनेलाई सजाय मिल्दछ।

(b) श्याम राम जत्तिकै साहसी छ।

(iii) निम्नलिखित कुनै **एक** वाग्धाराको अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस्।

(a) ठाडो पुच्छर लाउनु।

(b) हात लामो गर्नु।

**5.** निम्नलिखित प्रश्नहरूका उत्तर दिनुहोस्।

(i) कालेकी आमाले दूध पुऱ्याउन बजार जाँदै गर्दा कस्तो निर्णय गरेर ढुक्क मानी ? *2*

(ii) "छोराहरूका पनि बाध्यताहरू छन्, चाहेर पनि यहाँ हामीसित बस्न सक्तैनन्।"

प्रस्तुत वाक्य कुन पाठबाट उद्धृत गरिएको हो ? यो वाक्य कसले कसलाई भनेका हुन् ? *2*

(iii) (a) डाक्टर नानोले फेरसको उदासीपन हटाउन के काम गरे ? *2*

**अथवा**

(b) चामेले किन खरानी धसेर हिंड्न जाती भनी सम्झियो ?

(iv) सोझा लेखका लेखकलाई कुन उखानले सधैँ तर्साउँछ ? किन ? *2*

(v) 'डाक्टर नानो' लेखद्वार लेखकहरूले कस्तो सन्देश दिन चाहेका छन् ? *3*

(vi) 'गौंथलीलाई लिन ससुराली गएर ससुरासँग कुराकानी गरेपछि ससुराले चामेलाई कस्तो जवाब दिए ? *3*

**6.** निम्नलिखित कुनै ***चार*** प्रश्नहरूका उत्तर लेख्नुहोस्। *4×3=12*

(i) आफ्नो दृष्टि दोषी भए हामीलाई कुन-कुन कुरा दोषपूर्ण लाग्दछ ?

(ii) "हाम्रो लागि घरको दूध पानीसरि छ" भनेर कविले के भन्न चाहेका छन् ?

(iii) भगवानको खोजीमा मन्दिर जाने यात्रीलाई कविले कविताको अन्तमा कस्तो सल्लाह दिएका छन् ?

(iv) वीर सपुतको त्याग र बलिदानका कारण हाम्रो देशमा के-के हुन्छ ? 'शहीदहरूको सम्झनामा' कविताका आधारमा चर्चा गर्नुहोस्।

(v) आजको मानिसले पर्यावरणको जिम्मा, कानूनको जिम्मा र पूजा आरतीको जिम्मा कस-कसलाई दिएको छ ?

**7.** निम्नलिखित प्रश्नहरूका उत्तर दिनुहोस्।

(i) लाहुरेको हत्या भएको खबर गर्न आफू द्वारेकोमा जाँदा रनेले सेतीलाई कसको घरमा जानु भन्यो ? *2*

(ii) (a) सोनामणिको चरित्रबारे प्रकाश पार्नुहोस्। *2*

**अथवा**

(b) अन्तिम पात कथाकी पात्रा जुनी इटली गएर के गर्न चाहन्थी ?

(iii) "त्यस्तो खान लाउन दिन नसक्नेले जन्म किन दिनुपर्‍यो ?"

यो वाक्य कसले कसलाई औ कतिबेला भनेको हो ? *3*

(iv) दार्जीलिङ्गमा बस्ता कमललाई आफूले के भूल गरेझैँ लागिरहन्थो ? किन ? *3*

**8.** निम्नलिखित प्रश्नहरूमध्ये कुनै ***दुईवटा*** प्रश्नका उत्तर लेख्नुहोस्। *2×2=4*

(i) कवि राजेन्द्र भण्डारीले प्राप्त गरेका कुनै दुई पुरस्कारका नाउँ लेख्नुहोस्।

(ii) साहित्यकार लक्खीदेवी सुन्दासले कहाँबाट विद्यावारिधि प्राप्त गरेकी थिइन् ?

(iii) इन्द्रबहादुर राईले कुन सालमा साहित्य अकादमी पुरस्कार प्राप्त गरेका थिए ?

**9.** तल दिइएका कुनै ***एक*** विषयमा 150 शब्दसम्मको रोचक निबन्ध रचना गर्नुहोस्। *5*

(i) मेरो जीवनको लक्ष्य।

(ii) हाम्रो संस्कृति, हाम्रो परिचय।

**10.** (a) आफ्नी आमा विरामी भएका कारण उनलाई अस्पताल लानुपर्ने कुराको अवगत गराउँदै आफ्नो विद्यालयका प्राचार्यलाई तीन दिनको छुट्टीका निम्ति निवेदन पत्र लेख्नुहोस्। *5*

**अथवा**

(b) परीक्षा पछिको लामो विदामा घुम्न जाने सल्लाह मिलाउँदै टाढ़ामा भएको साथीलाई एउटा पत्र लेख्नुहोस्।

**11.** निम्नलिखित वाक्यलाई नेपालीमा अनुवाद गर्नुहोस्। *4×1=4*

(i) We didn't know about the meeting.

(ii) They are learning to play guitar.

(iii) I have not visited any museum yet.

(iv) She will finish her project by tomorrow.